नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेश विज्ञप्ति

यस राजश्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय सम्बन्धि मुद्दा धादिङ्ग जिल्ला अदालतमा मिति २०७९/०६/०६ गते मुद्दा दायर गरिएको छ ।

**१ अभियुक्तको विवरण**

मेवा कलवारको नाति चिरकुट कलवरको छोरा वर्ष २८ को जिल्ला नवलपरासी साविक मनरी गा.वि.स.२ हाल सरावल गाउँपालिका वडा नं. ३ पिप्रा स्थायी वतन भएका **आनन्द प्रसाद कलवार।**

**२. कसुरको संक्षिप्त विवरण**

अस्थायी प्रहरी पोष्ट सिम्ले धादिङ्ग च.नं. ५८९१ मिति २०७५/०३/१४ को पत्रसाथ पठाइएको विदेशी विनिमय अपचलन सम्बन्धी कसूरमा जिल्ला नवलपरासी साविक मनरी गा.वि.स.२ हाल सरावल गाउँपालिका वडा नं. ३ पिप्रा स्थायी वतन भएका आनन्द प्रसाद कलवार लाई पक्राउ गरी बरामदी मुचुल्का सहित कारबाहीको लागि मिति २०७५/०३/१४ गते यस विभागमा पेश गरेको।

**३. कायम रहेको विगो र सजायको मागदवी**

विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ को दफा ३,४,५ तथा मिति २०७५।१२।२६ को सूचनाको बुदा नं. ४ को कुनै विदेशि नागरिकले नेपाल आउँदा ल्याएको रकम भन्सार स्वघोषणा गरेकोमा बाहेक ५,००० U.S.$ र नेपालीले १५०० U.S.$ वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी फिर्ता लैजान नपाउने गरि रोक लागएकोमा यी प्रतिवादी आनन्द प्रसाद कलवारबाट बरामद भएको उक्त विदेशी मुद्राको वारदात मितिको सटही दर अनुसार हुने जम्मा नेपाली रुपैया ४३,७४,०००।- बाट अपचलन कारोबार गरेको देखिई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र सो दफाले दिएको अधिकार बमोजिम नेपाल राष्ट्र बैंकले २०७२/८/६ गते जारी गरेको सूचनाबाट सोही ऐनको दफा १७ को उपदफा (१) बर्खिलाप कसूर गरेको पुष्टि हुन आएकोले उक्त कसूरमा निज प्रतिवादीलाई विगो ने.रु.४३,७४,०००।- (त्रिचालिस हजार चौहत्तर हजार मात्र) कायम गरी सोही ऐनको दफा १७ को उपदफा (१) बमोजिम सजाय भई दशि रकम जफत गरी जरीवाना समेतको माग दावी लिइ धादिङ्ग जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको छ ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**